बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

परिपत्र नं. २६

बी.स. १२० (२०७६/०७७) च.नं. ५१८६

मिति: २०७७/०२/०७

**श्री ईजाजतपत्र प्राप्त सबै जीवन बीमा कम्पनीहरु,**

विषय: **निर्देशन सम्बन्धमा।**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) का कारण नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गरेको अवस्थामा उक्त अवधि भरका लागि सङ्क्रमणबाट सजग रही कार्य गर्न विभिन्न मितिहरुमा परिपत्रहरु जारी भएको विदितै छ । साथै, अत्यावश्यक बीमा सेवा निरन्तरताका लागि देहाय बमोजिमको व्यवस्था गरिएकोले सोही अनुसार गर्न गराउनुहुन निर्देशन गरिएको छ :-

(क)समितिले बीमकका लागि जारी गरेको " बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६" को अधिनमा रही बीमालेख अनलाइन बिक्री गर्ने कार्यविधि तयार गरी समितिमा पेश भएमा औचित्यताको अधारमा स्वीकृत गर्न सकिने ,

(ख)समितिको निर्देशनको अधिनमा रही लकडाउन अवधिभरी बीमकले उपलब्ध गराउने तालिमहरु अनलाइन तथा भर्च्युयल रुपमा गर्न सकिने र उक्त तालिमको soft copy सहितको प्रतिवेदन समितिमा पेश गर्नुपर्ने ,

(ग) बीमालेख धितो राखी बीमितहरुलाई प्रदान गरिएको कर्जामा लाग्ने व्याज दरमा लकडाउन अवधि समाप्त भएको एक महिना भित्रसम्म ब्याज बुझाउन आएमा, ब्याजको १५ (पन्ध्र) प्रतिशत छुट दिने ,

(घ) बीमकले व्यवस्थापन खर्च न्यूनिकरण गर्ने सम्बन्धमा समितिमा प्रस्ताव पेश गरेमा औचित्यताको अधारमा स्वीकृत गर्न सकिने।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np